महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ४ अङ्क :- ११ महिना :- पुस

श्रृंखला- ११

**सञ्चार अनुगमन**
**मासिक प्रतिवेदन- पुस २०७१**

महिला तथा बालबालिका माथि पुस महिनामा पनि हिंसाको श्रृंखला यथावत देखियो । हिंसामा घरपरिवार र छरछिमेरका सदस्य नै पीडकका रुपमा रहेको सञ्चार अनुगमनले देखाएको छ । आफ्नै परिवारबाट हिंसा भोगिरहेका नेपाली महिला तथा बालबालिकाको लागि आफ्नो घरसमेत सुरक्षित नभएको पाइएको छ । महिलालाई बोक्सी, सन्तान जन्माउन नसकेको, दाइजो कम ल्याएको भन्दै आफ्नै सासु-ससुराले कुटपिट गर्दै घर निकाला गरेका घटना यस महिनामा प्रकाशित पत्रपत्रिकामा समेटिएका छन् । त्यसैगरी विवाहित महिला सामूहिक बलात्कारको शिकार भएको घटना पनि प्रकाशनमा आएका छन् । अबोधपनको फाइदा उढाउँदै र लोभलालच तथा डरधम्की दिएर यौन पिपासुहरुले अबोध बालिकाको बलात्कार गरी हत्या गरेका घटना पनि यस महिनामा प्रकाशित सञ्चार माध्यममा देखिएका छन् ।

पर्साको झौवागुठी गाविस ७ का आमाछोरीलाई केही व्यक्तिले बोक्सीको आरोपमा निर्घात कुटपिट गरेका छन् । बोक्सीको आरोपमा स्थानीय मन्जुदेवी सुनार र उनकी छोरी ममतालाई गाउँलेहरुको एक समूहले कुटपिट गरी घाइते बनाएको (*नेपाल समाचारपत्र दैनिकले पुस २१ गते पृष्ठ ५*) छ । छोरीले स्कुलमा टिफिन हराएको बिषय लिएर शर्मिला गाइजु गोठेलाई पति र जेठाजुले कुटपिट गरी घाइते बनाएको समाचार (*कान्तिपुर दैनिकले पुस ३ गते पृष्ठ ४*) प्रकाशित छ । त्यसैगरी सप्तरीको बैरवा ३ स्थित सप्तकोसी नदीको पश्चिम तटबन्ध नजिक तीन बालबालिका मृत भेटिएको समाचार पत्रपत्रिका (*कान्तिपुर र नागरिक दैनिकले पुस २० गते*) ले प्रकाशित गरेका छन् । ती बालबालिकालाई कसैले हत्या गरी पानीमा फालेको हुनसक्ने अनुमान प्रहरीको छ ।

महिला र बालबालिकामाथि भएको हिंसाका घटनालाई हेर्दा पीडितले व्यक्तिगत सुरक्षा, गाँस, बास, कानूनी उपचार, स्वास्थ्य उपचारजस्ता सेवाहरुबाट समेत टाढिनु परेको देखिन्छ भने पीडक दण्डहीनताको आनन्द उठाएर खुला घुमफिर गरेको पाइन्छ ।

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को पुस महिनामा मुलुकभर महिला हिंसाका १८ घटना भएका छन् भने त्यसैगरी बालबालिका सम्बन्धी १२ घटना भएको पाइएको छ ।

राजधानीबाट प्रकाशित दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट र नेपाल समाचारपत्र दैनिकका अनुसार यस महिनामा २ महिलाको हत्या भएको छ भने त्यतिनै संख्यामा महिलाले आत्महत्या

गरेका छन् । त्यसैगरी २ महिला बलात्कारमा परेका छन् भने १ सामूहिक बलात्कारको शिकार बनेका छन् । बोक्सी आरोप, बहुविवाह, कुटपिटबाट २-२ महिला पीडित भएका छन् । यौन दूर्व्यवहार, हत्या प्रयास, घर निकालामा १-१ महिला पीडित भएका छन् ।




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना १२ वटा पहिचान गरेका छन् जसमा ३ को हत्या भएको छ । बलात्कारको शिकारमा परेका २ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । त्यसैगरी यौन दूर्व्यवहारमा परी ६ बालिका पीडित भएका छन् भने १ बालक बेपत्ता भएको पाइएको छ ।



इह्रिकनले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार पुस महिनामा महिला पुरुष र बालबालिका गरी ८ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् ।




बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ४ पुरुष, ३ महिला र १ बालबालिका प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । प्रभावित हुने महिलामा २ को मृत्यु भएको छ भने १ घाइते छन् त्यसैगरी १ पुरुषको मृत्यु भएको छ भने ३ पुरुष घाइते भएका छन् भने १ बालबालिका घाइते भएको पाइएको छ ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल १२, मध्यमाञ्चल ६, र पश्चिमाञ्चल ३ रहेको देखिन्छ ।

इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो । मासिक रुपमा नियमित प्रकाशित गरिने सञ्चार अनुगमनमा पाँच राष्ट्रिय दैनिकलाई आधार लिएको पनि जानकारी गराइन्छ ।

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।